# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जितपुर, धनकुटा

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः २०७७/७८
चलानी नः 832

मितिः २०७७/०८/१९

विषयः सूचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालय, सबै,
महालक्ष्मी नगरपालिका, धनकुटा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७७/०८/१९ को पार्किङ्ग शुल्क संकलन सम्बन्धी आर्थिक प्रस्ताव आव्हानको सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । अतः यो सूचना तहाँको सूचना पाटी, सार्वजनिक स्थल तथा सम्बन्धित स्थलमा टाँस गरी सर्जमिन मुचुल्कासहित जानकारी पठाउनुहुन अनुरोध छ ।

...........................
(सूर्यप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

email address mahalaxmimunjitpur@gmail.com
Website: http://www.mahalaxmimundhankuta.gov.np
Phone No. 026-691700, 9852070121
सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन

Scanned with CamScanner

# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जितपुर, धनकुटा

१ नं. प्रदेश, नेपाल

**<u>पार्किङ्ग शुल्क संकलन सम्बन्धी प्रस्ताव आह्वानको सूचना</u>**

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०८/१९)**

महालक्ष्मी नगरपालिका वडा नं. ५ रामबजारमा रहेको बसपार्कमा आ.व. २०७७/७८ मा पाँचौं नगरसभाको निर्णय बमोजिम पार्किङ्ग शुल्क संकलन गर्नुपर्ने भएको हुँदा पार्किङ्ग शुल्क संकलन गर्न तपसील बमोजिम उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०७७/७८ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिक, संस्था, फर्म तथा कम्पनीबाट तपसील बमोजिमको रीत पुर्याई आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसीलः

| सि.नं. | सूचना/ठेक्का नं. | ठेक्काको नाम | स्वीकृत क्षेत्र | न्यूनतम ठेक्का अंक रु. | धरौटी रकम रु. | निवेदन दस्तुर रु. | प्रस्ताव पेस गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | ४/२०७६-०७७ | पार्किङ्ग शुल्क संकलन | म.न.पा.-५, रामबजार, बसपार्क | रु.२ ,००,०००/- (अक्षेरुपी दुई लाख मात्र) | बोलकबोल तीन) प्रतिशत | १०००/-(एक हजार मात्र | २०७७/०८/२५ गते दिनको ४:०० बजेसम्म |

**<u>शर्तहरुः</u>**

१. प्रस्तावसाथ आफूले कबोल गरेको अंकको ३ (तीन) प्रतिशत हुने रकम यस कार्यालयको रा.वा.बैंक जितपुरस्थित धरौटी खाता नं. २३५०१००३०३००००३ मा जम्मा गरेको सक्कल भौचर, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथ राखी खाम बाहिर प्रष्ट बुझिने गरी **<u>पार्किङ्ग शुल्क संकलन सम्बन्धी आर्थिक प्रस्ताव</u>** उल्लेख गरी प्रस्तावदाताको नाम, थर, ठेगाना समेत स्पष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । फर्म वा कम्पनीको हकमा व्यवसायी प्रमाणपत्र स्थायी लेखा नं. तथा आ.व. २०७६/७७ को करचुक्ताको प्रमाणपत्र समेत समावेश भएको हुनुपर्नेछ ।

२. रीतपूर्वक दर्ता हुन आएका प्रस्तावहरु दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो २:०० बजे विभिन्न कार्यालयको प्रतिनिधिहरु एवं प्रस्तावदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभएतापनि प्रस्ताव खोल्ने काममा बाधा पर्नेछैन ।

३. रीत नपुगी, म्याद नाघी वा कुनै शर्त राखी आएका प्रस्तावउपर कुनै कारवाही हुनेछैन ।

४. ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा प्रचलित कानून बमोजिम औचित्य हेरी छुट दिन सकिने छ । एकमुष्ट रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता रकम ठेक्का अंकको ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्ता २५/२५ प्रतिशतमा विभाजन गर्न सकिनेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनुपर्नेछ । दोश्रो किस्ता फाल्गुणको पहिलो हप्ता र अन्तिम किस्ता २०७८ को बैशाखको दोश्रो हप्ताभित्रमा यस कार्यालयमा बुझाउनुपर्नेछ । पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (पर्फर्मेन्स बण्ड) पेश गर्नुपर्नेछ ।

५. कुनै कारण देखाइ वा नदेखाइ ठेक्का स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार महालक्ष्मी नगरपालिकामा रहने छ । दर्ता हुन आएका प्रस्तावमध्ये स्वीकृत प्रस्तावदातालाई सम्झौताका लागि सूचना दिइनेछ ।सम्झौता गरी प्रचलित ऐन, नियम बमोजिम पट्टापुर्जी लिई ठेक्का सञ्चालन गर्नुपर्नेछ ।

६. प्रचलित कानूनबमोजिम लाग्नेकर दस्तुर लगायतका बुझाउनुपर्ने रकम ठेकेदार आफैंले बुझाउनुपर्नेछ ।

७. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ । नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराएरमात्र प्रयोगमा ल्याउनुपर्नेछ।

८. प्रस्तावसाथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेश गरेपछिमात्र फिर्ता दिइनेछ ।

९ महालक्ष्मी नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल उपर गर्नुपर्नेछ । सवारी आवागमनलाई अवरोध हुनेगरी ढाट/तगारो राख्न पाइनेछैन ।

१०. यस ठेक्का सम्बन्धी कुनै विवाद श्रृजना भएमा महालक्ष्मी नगरपालिकाको निर्णय अन्तिम हुनेछ । यस नगरपालिकाले दिएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

११. यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि आ.व. २०७७/७८ को आषाढ मसान्त सम्म कायम रहनेछ ।

१२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न वा कार्यालयको फोन नं ०२६-४१९००० वा ९८५२०७०१२१ मा सम्पर्क गर्न सकिनेछ ।

..............................

(सूर्यप्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner